# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## महाकालि नगरपालिका
## दार्चुला




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२६
च.नं. ४२२

विषय: <u>लेखापरीक्षण प्रतिवेदन ।</u>


श्री प्रमुख ज्यू,
महाकाली नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, दार्चुला ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

२०७७।३।२६
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।०७७ मिति: २०७७।३।२६
च.नं. ५१३

श्री प्रमुख ज्यू,
महाकाली नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, दार्चुला ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले महाकाली नगरपालिका, दार्चुलाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ३ करोड ९६ लाख ९२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६२ लाख ४३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड १२ लाख १२ हजार, नियमित गर्नुपर्ने रु. १६ लाख ५४ हजार पेश्की बाँकी रु. ५ लाख ८३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २३ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

महालेखापरीक्षकको कार्यालय नेपाल २०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

............
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महाकाली नगरपालिका, दार्चुला

## लेखापरीक्षण प्रतिवेदन

**आर्थिक वर्ष : २०७५/०७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न महाकाली नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणलाई सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । महाकाली नगरपालिका अर्न्तगत ९ वडा रहेकोमा ५० सभा सदस्य रहेका छन । यस नगरको कुल क्षेत्रफल १३५.११ व.की.मी.रहेको र वि.स २०६८ सालको जनगणना अनुसार २१२३१ जनसंख्यारहेको छ । जुन सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम महाकाली नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि. नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | **रकम** | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५७५०९२७४.३५ | १ | चालु खर्च | | ३११९६९१९२३.०० |
| | क) नगद | | | २ | पूँजिगत खर्च | | २३९०४२१७५.२० |
| | ख) बैंक | ५७५०९२७४.३५ | | ३ | बित्तीय व्यवस्था भुक्तानी | | |
| २ | आन्तरिक आय | | ५५३५१४२४.९१ | | ऋण भुक्तानी | | १६७७५३.३० |
| | क आन्तरिक आय राजश्व | ६३९१००५.०० | | | ब्याज भुक्तानी | | २२८८७८.२७ |
| | ख संघिय राजश्व वाँडफाँडबाट | ४८९६०४१९.९१ | | | अन्य भुक्तानी | | |
| ३ | संघिय अनुदान | | ४२३३८७७४९.०० | ४ | लगानी | | |
| | क बित्तीय समानिकरण अनुदान | १३२२०००००.०० | | | ऋण लगानी | | |
| | ख शर्शत अनुदान | २२८३७९७५०.०० | | | शेयर लगानी | | |
| | ग समपुरक अनुदान | २४६५८०००.०० | | | अन्य लागानी | | |
| | घ विशेष अनुदान | ३५००००००.०० | | ५ | धरौटी फिर्ता | | १३७२०७९.०० |
| | ङ सडक बोर्ड | ३१४९९९९.०० | | ६ | कोष खर्च | | **९१४६९८.००** |
| ४ | प्रदेश सरकार अनुदान | | **२०९१८८६३.४६** | | | | |
| | क बित्तीय समानिकरण अनुदान | ६९२१०००.०० | | ७ | मौज्दात | | **७८९१५३९८.५७** |
| | ख शर्शत अनुदान | १६१००८०.०० | | | क) बैक मौज्दात संचित कोष | ४७०६३६४०.६१ | |
| | ग समपुरक अनुदान | ३७८८०००.०० | | | ख) ग५ समुह कोष खाता बैक मौज्दात | २४२९८४४५.४४ | |
| | घ विशेष अनुदान | ७५००००.०० | | | ग) धरौटीको बैक मौज्दात | ७५५३३१२.५२ | |
| | ङ सवारी कर | १०९९७८३.४६ | | | | | |
| ५ | बिभिन्न कोषहरु तर्फको आय | | **१४६१८१०७.७२** | | | | |
| ६ | उपभोक्ता नगद लागत सहभागिता | | **१६८९३५०४.००** | | | | |
| ७ | विषयगत निकायबाट प्राप्त रकम | | **४३३३२४९७.००** | | | | |
| ८ | धरौटी आय | | **६८०८३६६.००** | | | | |
| ९ | अन्य विविध आय | १४६८३३८.९० | १४६८३३८.९० | | | | |
| १० | दायित्व बांकी | | ४४७८०.०० | | | | |
| **जम्मा** | | | ६४०३३२९०५.३४ | **जम्मा** | | | ६४०३३२९०५.३४ |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>आय-व्यय अनुमान-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा आय-व्ययको बजेट नगरकार्यपालिकाबाट स्वीकृत गराई सभामा पेश गर्ने र सभाले असार मसान्त भित्र पारित गर्ने व्यवस्था छ। आर्थिक बर्ष २०७५/०७६ को लागी सभाबाट रु. ५५ करोड २२ लाख ५१ हजारको आय-व्ययको बजेट पारित भएकोमा नगरपालिकाबाट पेश भएको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत आय-व्यय विवरणबाट रु. ६४ करोड ३ लाख ३३ हजारको को आय-व्ययको आर्थिक कारोबार भएको देखिएकोले सभाबाट पारित बजेट भन्दा रु. ८ करोड ८० लाख ८२ हजार वढी देखियो। नगरसभाबाट पारित बजेट भन्दा वढीको आय-व्ययको कारोबार हुँदा बजेट अनुमान यथार्थ परक हुन नसकेको र नगरसभाबाट पारित वजेटको सिमा नाघेको छ। बार्षिक आय-व्ययको वजेट अनुमान तयार गर्दा यथार्थ परक हुनु पर्ने र नगरसभाबाट स्वीकृत बजेट भन्दा वढी भएको रकमको नगरसभाबाट अनुमोदन हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>२.</td><td>वजेट निकासा- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा खर्चको अख्तियारी पठाउनु पर्ने र रकम निकासा गर्ने व्यवस्था छ। प्रदेश सरकारबाट प्राप्त अनुदान रकमको खर्चको अख्तियारी नभएको, रकम निकासा आदेश प्राप्त नभएको, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निकासा खर्च भिडान भएको आर्थिक विवरण नभएको र आन्तरिक लेखापरिक्षण समेत भएको देखिएन। खर्च गर्ने अख्तियारी निकासा आदेश निकासा खर्च भिडान तथा आन्तरिक लेखा परीक्षण नभएबाट निकासा खर्च एकीन गर्ने कार्य एवं खर्च गर्ने आधार स्पष्ट हुदैन। नगरपालिकालाई रकम प्राप्त हुँदा खर्च गर्ने अख्तियारी सहित निकासा प्राप्त हुनुपर्ने र निकासा गर्ने सम्बन्धित निकायले निकासा खर्च भिडान भएको आर्थिक विवरण सहित आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोबारलाई पारदर्शी र दुरुस्त वनाउनु पर्दछ। विवरण निम्न अनुसार छ।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान शिर्षक</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>वित्तियसमानिकरण अनुदान</td><td>६९२१०००।-</td></tr>
<tr><td>२</td><td>सर्शत अनुदान</td><td>१६१००८०।-</td></tr>
<tr><td>३</td><td>समपुरक अनुदान</td><td>३७८८०००।-</td></tr>
<tr><td>४</td><td>विशेष अनुदान</td><td>७५०००००।-</td></tr>
<tr><td>५</td><td>सवारी कर</td><td>१०९९७८३।४६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२०९,१८,८६३।४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.</td><td>बैंक हिसाव मिलान- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। महालेखा परीक्षकबाट स्वीकृत म.ले.प. फाराम बैंक हिसाव मिलान विवरण तयार गरेको देखिएन। बैंक हिसाव मिलान विवरण तयार नगरेबाट श्रेस्ताबाट देखिएको मौज्दात रकमको वास्तविक बैंक मौज्दात रकम भिडान हुदैन। आर्थिक वर्षको अन्त्यमा श्रेस्ताबाट रु. ७८९१५३९८।५७ मौज्दात देखिएकोमा बैंक स्टेटमेन्टबाट बार्षान्तमा रु. १८२२७९४९२।८५ देखिएबाट रु. १०३३६४०९४।२८ फरक परेको रकमको एकीन गरी हिसाव मिलान हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>४.</td><td>विशेषकोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा विशेषकोष सञ्चालनको व्यवस्था भएको देखिएन। नगरसभाबाट पारित भए वमोजिमका १२ वटा कोषका लागि वजेट व्यवस्था भएवमोजिम निम्नानुसारका ८ वटा कोष खोली यो वर्ष रु. १४८१८१०७।७२ जम्मा गरेको र नगरसभाबाट पारित भएको वजेट भन्दा रु. १२३९८१०७।७२ वढी रकम कोषमा जम्मा गरेकाले नेपाल सरकारबाट विनियोजन गरी निकासा भएको रकमबाट विशेषकोषमा रकम जम्मा गर्न मिल्ने देखिदैन। कानूनमा व्यवस्था नगरी कोष संचालन गर्दा कोषको स्थापना तथा संचालनकार्य व्यवस्थित नहुने र सभाले पारित गरेको रकम भन्दा वढी रकम कोषमा दाखिला गर्दा नियमको कार्यन्वयन नभएको देखियो। कोषहरु स्थापना एवं संचालन गर्दा कानूनमा व्यवस्था गरेर स्थापना एवं संचालन हुनु पर्ने, नगरसभाले तोकिएको रकम भन्दा वढी कोषमा जम्मा गरेको र नेपाल सकारबाट विनियोजन भएको रकमबाट विशेष कोषमा जम्मा गर्न मिल्ने आधार प्रमाण हुनु पर्ने अन्यथा सञ्चित कोष फिर्ता हुनु पर्ने रु....
<table>
<tr><th>कोषको नाम</th><th>सभाबाट स्वीकृत रकम रु.</th><th>जम्मा गरेको रकम रु.</th><th>स्वीकृत भन्दा वढी जम्मा भएको रकम रु.</th></tr>
</table>
</td><td>१४६,१८,१०७।७२</td></tr>
</table>

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>विपद् व्यवस्थापन कोष</td><td>१००,०००।</td><td>२७७८१४५।</td><td>१७७८,१४५।</td></tr>
<tr><td>कर्मचारी कल्याण कोष</td><td>२००,०००।</td><td>१४६०७६३।७२</td><td>१२६०,७६३।७२</td></tr>
<tr><td>मर्मत सम्भार कोष</td><td>१०,००,०००।</td><td>५५५४१९९।</td><td>४५५४,१९९।</td></tr>
<tr><td>वातावरण विशेष कोष</td><td>१०,००,०००।</td><td>६२५०००।</td><td>५२५०००।</td></tr>
<tr><td>परिवी निवारण कोष</td><td>२५०,०००।</td><td>१५००,०००।</td><td>१२५०,०००।</td></tr>
<tr><td>मानव संशाधन विकास कोष</td><td>११०,०००।</td><td>१४००,०००।</td><td>१२९०,०००।</td></tr>
<tr><td>महिला बालबालिका कोष</td><td>२३०,०००।</td><td>१०००,०००।</td><td>१३००,०००।</td></tr>
<tr><td>कृषक पेन्सन कोष</td><td>१००,०००।</td><td>३००,०००।</td><td>२००,०००।</td></tr>
<tr><td>जम्मा रकम रु.</td><td></td><td>१४६,१८,१०७।७२</td><td>१२३,९८,१०७,७२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.</td><td>सञ्चित कोष फिर्ता- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा कार्यालयले तोकिएको समयमा खाता वन्द गरी वर्षान्तमा खर्च खातामा मौज्दात बाकी रहेको रकम सञ्चित कोष खातामा फिर्ता गर्नु पर्ने व्यवस्था छ । कार्यालयले तोकिएको समयमा खर्च खाताहरु वन्द नगरी स्थानीय सञ्चितकोष खाताबाट आर्थिक वर्ष २०७५/०७६ को लागि पूँजिगत खर्च खातामा २०७६/४/१७ मा रु ४,००,००,०००।०० र २०७६/४/२९ मा ३०७६८००८।२० (५०७१२०+३०२६०८८८।२०+७८८०३९) रकम ट्रान्सफर गरी खर्च भई बाँकी रहेको रु. २७९,६८,४३४।- र चालु खर्चखाता मौज्दात बाँकी रु. १५३७०७५०।६१ मिति २०७६/४/२९ मा को.ले.नि.का .फिर्ता गरेको र रु. २२७५७१८६।८२ मिति २०७६/४/२९ मा स्थानीय सञ्चित कोष खातामा फिर्ता गरेको देखिएकोले समयमा खाता वन्द नगरी पछिल्लो आर्थिक वर्षमा समेत कारोबार भएको देखिन्छ । समयमा खाता वन्द नगरी अर्को वर्षमा समेत कारोबार भईरहदा आर्थिक कारोबारको यथार्थता एकीन हुन नसक्ने देखिन्छ । नियममा व्यवस्था भए अनुसार समयमा खाता वन्द गरी मौज्दात बाँकी रकम आर्थिक वर्षको अन्त्यमा सम्बन्धित कोषमा फिर्ता हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>आय व्यय विवरण सार्वजनिक नगरेको :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मासिक आय र व्ययको यथार्थ एकीन गर्ने कार्यमा असर पर्नुको साथै पारदर्शिता नहुने देखिन्छ । आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>कार्ययोजना नभएको- स्थानीय तहमा बजेट तर्जमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण सम्बन्धि निर्देशिका, २०७४ को वुदा नं. २.९ मा नगरसभा बाट स्वीकृत वजेटको प्रभावकारी कार्यान्वयनको लागी समयसिमा सहितको कार्य योजना वनाई कार्य सम्पादन गर्नु पर्ने व्यवस्था छ । नगर सभाबाट स्वीकृत वजेट रु.५५२२५१०००।०० को समय सिमा सहितको कार्ययोजना वनाएको देखिएन । स्वीकृत वजेटको समय सीमा सहतिको कार्ययोजना नवनाउदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्दछ । स्वीकृत बजेट कार्यन्वयनलाई प्रभावकारी वनाउन समय सीमा सहितको कार्ययोजना वनाई वजेट कार्यन्वयन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>विवरण सार्वजनिक नगरेको :- स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नं. २.१० मा स्थानीय तहबाट गरिने निर्माण कार्यस्थलमा सो काम संग सम्बिन्धित विवरणहरु आयोजनाको नाम, लागत, कार्यशुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेकका लिनेका नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि देखिने गरी काम सम्पन्न नभए सम्म सर्वसाधारणले देख्ने सक्ने गरी सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । स्थानीयले गरेका निर्माण कार्यहरुको योजनागत अभिलेख कार्यालयमा नरहेको र निर्माण कार्यास्थलमा योजनाको विवरण रहेको खर्च एवं अन्य कुनै विवरणबाट देखिएन । निर्माण कार्यस्थलमा विवरण नरहदा योजना एवं निर्माण कार्यको सर्वसाधारणलाई यथार्थ जानकारी नहुने देखिन्छ । प्रत्येक निर्माण कार्यको निर्माण स्थलमा सर्वसाधारणले देख्न सक्ने गरी योजनाको विवरण राखिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>नक्सा पास नभएको- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा नगरपालिकाका क्षेत्रभित्र निर्माण हुने भवनको नक्सा पास गराउनु पर्ने व्यवस्था छ । यस नगरपालिका क्षेत्रभित्र निर्माण हुने कार्यालय र निजी घरहरुको नक्सा पास गराएको देखिएन । नक्सापास नगराई घरनिर्माण हुदा स्वीकृत मापदण्ड पुरा नभएको सुनिश्चित नहुने र नगरपालिकालाई प्राप्त हुनु पर्ने आम्दानी समेत हुन नसकेको देखियो । आफ्नो क्षेत्राधिकार भित्र निर्माण हुने घरहरु नक्सापास गराएर निर्माण हुनु पर्ने कार्यलाई प्रभावकारी वनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १०. | **योजना वनाई कार्यान्वयन गर्ने-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस्तो योजना वनाएको देखिएन । योजना नवन्दा योजनावद्ध विकास निर्माणका कार्यहरु कार्यान्वयन नहुने देखिन्छ । तोकिएका योजनाहरु वनाई योजनावद्ध कार्यान्वयन गरिनु पर्दछ । | |
| ११. | **चौमासिक पूँजीगत खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पुँजिगत तर्फ कुल खर्च रु.२३ करोड ८४ लाख २२ हजार रहेकोमा प्रथम चौमासिकमा १।७१ प्रतिशत, दोश्रो चौमासिकमा ५।८५ प्रतिशत र तेश्रो चौमासिकमा ९२।४४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्रै ८२।१२ प्रतिशत खर्च भएकोले आषाढमा आएर खर्चको चाप वढेको कारण सनतुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| १२. | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको र आर्थिक वर्ष २०७५।०७६ को आन्तरिक लेखा परीक्षण समेत गराएको पाईएन । | |
| १३. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस नगरपालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । राजश्व आम्दानीको दैनिक अभिलेख खाता नराखेको, बैंक दाखिला अभिलेख खाता नराखेको, समयमा बैंक दाखिला नभएको आदि कारणवाट नगरपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।कार्यालयले दैनिक आम्दानी खाता, आम्दानी बैक दाखिला खाता नराखेको, ढिला दाखिला गरेको आदि कारणहरुले मालपोत तथा अन्य सिफारिस बापतको राजश्व वडा अध्यक्ष तथा वडा सचिबबाट जे जति दाखिला भयो त्यसलाईनै आधार लिई हिसाब एकिन नगरी नगरपालिकाले आम्दानी जनाएको रु.७८५९३४३।९० यथार्थपरक देखिएन । आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाई बास्तबिक राजश्व रकम एकिन गर्नु पर्दछ । | |
| १४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १५. | **अभिलेख अद्यावधिक:** स्थानिय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले नगर सभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | वा योजना गाँउ सभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ , स्वीकृत मध्ये कुन – कुन कार्य भए र कुन -कुन कार्य हुन सकेन र नगरसभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा एकिन हुन सकेन । यस सम्वन्धमा आवश्यक छानविन गरी यथार्थता एकिन गरिनु पर्दछ । | |
| १६. | **शिर्षकगत आर्थिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५) मा स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय सन्चित कोषको शीर्षकगत विवरण तयार गरेको देखिएन । शीर्षकगत विवरण तयार नगरेबाट शीर्षकगत आय व्ययको यथार्थता एकीन हुन नसक्ने देखियो । स्थानीय सञ्चित कोषको आय व्यय हिसावको यथार्थताको लागी शीर्षकगत देखिने गरी अभिलेख राखी चौमासिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्दछ । | |
| १७. | **आन्तरिक आय :** नगरपालिकाले पेश गरेको आय व्यय विवरणमा आन्तरिक राजस्वमा जम्मा रु.७८५९३४३।९० आम्दानी भएको देखाएको छ । जुन गत वर्ष भन्दा २५२ प्रतिशतले बढी हो । नगरपालिकाले आन्तरिक आय प्रक्षेपण गरेको छैन ।त्यस्तै आन्तरिक आम्दानीको स्रोत पहिचान नगर्नुका साथै भएका स्रोतहरुबाट के कति राजस्व संकलन गर्न सकिन्छ भनि त्यसको विश्लेषण समेत गरेको छैन । यसले गर्दा स्थानिय क्षेत्रको विकास गर्न संघीय सरकार र प्रदेश सरकारको अनुदानमा कमी ल्याउन आन्तरिक आम्दानीको स्रोत पहिचान गरी आन्तरिक आम्दानी मजबुत बनाउनु पर्दछ । | |
| १८. | **सेवा करार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालयले रु १ लाख रुपैंया भन्दा बढी शुल्क लाग्ने सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग प्रतिस्पर्धाको आधारमा प्रस्ताब माग गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । सो बिपरीत गाँउपालिकाले २६ जना कर्मचारी सोझै बार्ताद्धारा नियुक्ती गरी रु.६९५३०५०।०० खर्च लेखेको पाइयो । नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी प्रतिस्पर्धात्मक मुल्यमा सेवा करार लिनुपर्दछ । | |
| १९. | **तलवी प्रतिबेदन :** स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले जम्मा १५ कर्मचारीको तलब रु ४६१०९९६।०० खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २०. | **जिन्सी सम्पत्ती:** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षाण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ ।कार्यालयले लेखापरीक्षण अवधीसम्म खर्च भएर जाने र नजाने मालवस्तु तथा सम्पत्तीको जिन्सी निरीक्षण गरेको छैन । साथै जिन्सी निरीक्षणको लागी पहल समेत गरेको देखिन आएन । त्यसैगरी यो आर्थिक वर्षमा खरिद गरिएका माल वस्तु तथा सम्पत्तीहरु जिन्सी खातामा आम्दानी बाधेको भएपनि पूँजीगत प्रकृतिका खप्ने मालसामान र खर्च भएर जाने मालसमान लाई फरक-फरक संकेत नं. अनुसार फरक-फरक जिन्सी खाता खडा गर्नु पर्नेमा सो नगरी एउटै खातामा तथा जिन्सी संकेत नं. समेत उल्लेख नगरी अभिलेख राखेको पाइयो सो सम्बन्धमा कानुनमा व्यवस्था भएबमोजिम खर्च भएर जाने र नजाने मालवस्तु अभिलेख तयार गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| २१. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई नगरपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले सफ्टवयरको प्रयोग नगरी म्यानुअल प्रणालीमा लेखा राखेको छ ।यस तर्फ तत्काल सुधार गर्नु पर्दछ । | |
| २२. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानिय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कार्यालयले कानूनको उक्त व्यवस्था बमोजिम आफ्नो आय र व्यय हिसावको आन्तरिक लेखापरीक्षण गराएको छैन । यसबाट आन्तरिक नियन्त्रणमा असर पर्न सक्ने अवस्था समेत देखिन आयो । यस सम्वन्धमा सम्वन्धित निकाय तथा पदाधिकारीले ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ । | |
| २३. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक सुनुवाई गरी सेवाग्राहिले उपस्थिति जनाएको माईन्यूट गरेता पनि सार्बजनिक परीक्षण गरी सेवा प्रवाहमा सुधार गरेको छैन । | |
| २४. | **प्रगति विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (३) मा नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरण को जानकारी नहुने देखिन्छ । नगरपालिकाले कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ । | |
| २५. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २६. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार महाकाली नगरपालिकाले देहाय बमोजिम यस वर्ष रु.९४४१७५०।०० सुविधावापत भुक्तानी भएको छ । | |

| सि. नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३५००० | ३०००० | ११७००० | ५८५०० | १७५८७५ | ५६४६००० |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | १६०० | १५०० | ६३०० | -- | - | ११२८०० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | - | - | - | - | - | ३०६४०००.०० |
| ४ | खाजा भत्ता रासन | १५००० | १५००० | - | - | - | ३६००००.०० |
| ५ | अनुगमन भत्ता (मासिक) | - | - | - | - | - | २५८९५०.०० |
| | **जम्मा** | | | | | | **९४४१७५०.००** |

| | | |
|---|---|---|
| २७. | **रिक्त दरवन्दी पदपूर्तिका लागि नपठाएको :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५८४ मिति २०७६।१।११ को पत्रवाट पदपुर्तिका लागि माग फारम पठाउन गरेको परिपत्र अनुसार नगरपालिका भित्र तल उल्लेखित रिक्त पदकालागी माग गरी नपठाएकाले यस आर्थिक वर्ष २०७६।०७७ मा समेत दरवन्दी रिक्त रहने देखिएयो । नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत निरन्तर परिर्वतन भई राख्ने तथा अन्य कर्मचारी समेत रिक्त रहँदा नगरपालिकावाट सम्पादन हुने काममा वाधा पुग्ने देखिन्छ । तालुक निकायको निर्देशन तथा परिपत्र पालना नगरी करारवाट कर्मचारी नियुक्त गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ | |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>। तल उल्लेखित ११ रिक्त दरवन्दीको पूर्तिका लागि तत्काल मन्त्रालयले माग गरेबमोजिम विवरण उपलब्ध गराई लोक  सेवा आयोग वाट पदपूर्ति गर्ने  प्रक्रियाको लागि पठाउनु पर्दछ
<table>
<tr><th>सि.नं.</th><th>पद</th><th>तह</th><th>रिक्त दरवन्दी संख्या</th></tr>
<tr><td>१</td><td>अधिकृत शिक्षा</td><td>९/१९</td><td>१</td></tr>
<tr><td>२</td><td>सि.डि.ई ईन्जिनियर सिभिल</td><td>९/१९</td><td>१</td></tr>
<tr><td>३</td><td>अधिकृत प्रशासन</td><td>७/८</td><td>१</td></tr>
<tr><td>४</td><td>लेखा अधिकृत</td><td>७/८</td><td>१</td></tr>
<tr><td>५</td><td>अधिकृत प्रशासन</td><td>६</td><td>२</td></tr>
<tr><td>६</td><td>आलेप अधिकृत</td><td>६</td><td>१</td></tr>
<tr><td>७</td><td>प.हे.न स्वास्थ्य</td><td>६</td><td>१</td></tr>
<tr><td>८</td><td>हे .अ</td><td>५/६</td><td>१</td></tr>
<tr><td>९</td><td>लेखापाल</td><td>५</td><td>१</td></tr>
<tr><td>१०</td><td>सव.ईन्जिनियर</td><td>५</td><td>१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८.</td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले सो बमोजिमको सूचि तयार नगरी सालबसाली टुक्रे योजनाहरुमात्र संचालन गरेको छ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>डोजर, स्काभेटर लगायत मेसिनको प्रयोग :- कार्यालयले नयाँ बाटोको ट्रयाक खन्ने, सडक विस्तार गर्ने, पहिरो पन्छाउने आदि कार्यहरु उपभोक्ता समिति मार्फत गराएको छ । यसरी गर्ने कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेट बमोजिम प्रति घनमिटर माटो खन्न तोकिएको दरलाई आधार बनाई तर्जुमा गर्ने गरेको छ । तर उपभोक्ताहरुले काम गर्दा र गराउदा प्रति घण्टाको दरमा डोजर, स्काभेटर आदि मेशिन भाडामा लिइ कार्यहरु गराउने गरेको पाइयो । यसरी मेसिन भाडामा लिदा एउटै प्रकृतिको कार्य गर्ने एउटै मेसिनको भाडा समेत एउटै वा फरक स्थान र समयमा समेत फरक फरक दरले भाडामा लिई कार्य गराउने गरेको देखियो । इन्धन खपत समेत एउटै प्रकृतिको मेसिन र कार्यमा समेत फरक परिमाण खपत हुने गरेको देखियो । यसप्रकार गरिएको कार्यको नापजाच भने स्वीकृत लागत अनुमान बमोजिम प्रति घनमिटरमा नै गर्ने गरिएको छ । तर प्रति घन मिटर उक्त कार्यहरु गर्न के कति घण्टा मेसिन चलाउनु पर्दछ सोको बिश्लेषण गर्ने गरेको पाइएन । नगर कार्यपालिकाले समेत प्रति  घण्टा डोजर, स्काभेटर लगायतका मेसिनको दररेट के कति हुने सम्वन्धमा निर्णय गरेको देखिन आएन । त्यसैगरी उपभोक्ताबाट गरिने कार्यहरु श्रम प्रधान हुनुपर्ने र मेसिनको प्रयोग गर्न नपाइने भन्ने प्रचलित कानूनहरुको प्रावधान समेत पालना भएको देखिन आएन । यस सम्वन्धमा सम्वन्धित निकायको ध्यान जानु आवश्यक छ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>कामको नापजांच र नापी किताबः स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा स्थानिय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने,  सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विकास योजना तथा कार्यक्रममा भएको कामको तोकिएको प्राविधिकबाट तोकिए बमोजिम नापजांच र प्राविधिक पुष्याई गर्नुपर्ने प्रावधानहरु रहेको छ । कार्यालयले योजना तथा कार्यक्रममा भएको कामको नांपजाच र जांचपास गर्दा केहि योजना तथा कार्यक्रमहरुमा लुज सिटको पानामा नापजांच गरी प्रविष्टि गरेको छ भने केहि योजना तथा कार्यक्रमको हार्डकपि नापी किताबमा योजना वा कार्यक्रम पिच्छे छुट्टा छुट्टै प्रविष्टि गर्ने गरेको छ । लुज सिटमा प्रविष्टि गर्दा कुनैमा Measurement sheet, कुनैमा Detail measurement sheet, कुनैमा Cost valuation वा खर्च बिबरण आदि उल्लेख गरी प्रविष्टि गरेको छ । यस प्रकार गरेको नापजांचको अभिलेख अद्यावधिक गरी नराखेको तथा र रनिङविलहरु  तथा कार्य सम्पन्न प्रतिवेदन पनि तोकीएको ढाँचामा राखेको छैन जस्ले गर्दा अघिल्लो विलको कामको परिमाण र रकम नखुल्ने दाहोरो भुक्तानी हुन सक्ने अवस्था रहन्छ । त्यसैगरी कतिपय योजनाहरुमा नापजांच गर्दा कुनै आइटममा कार्य परिमाण उल्लेख गरेको छ भने कुनै आइटममा कार्यको परिमाण उल्लेख नगरी सो कार्यको लागी खरिद वा आपूर्ति भएका मालसमानको विवरण र सोको खपत परिमाण उल्लेख गर्ने गरेको देखियो । यसबाट योजनामा वास्तविक भएको कार्य र सोको</td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | परिमाण खुल्न सकेन । यस सम्वन्धी केहि उदाहरण निम्नानुसार रहेका छन् । यसमा यथार्थता एकिन गरी सुधार गरिनु पर्दछ । | |

| कार्यक्रम | योजनाको नाम | गौ.भौ.नं./ मिति | विल नं. | भुक्तानी रकम |
|---|---|---|---|---|
| विशेष अनुदान | खा.पा. तथा सरसफाई योजना वडा नं.५ र ८ | ३३३/२०७६/३/१६ | प्रथम रनिगं | ३६४७८१७.४१ |
| विशेष अनुदान | खा.पा. तथा सरसफाई योजना वडा नं.५ र ८ | ५०९/२०७६/३/२७ | अन्तिम | १९४५४२१.६४ |
| विशेष अनुदान | सरसफाई केन्द्र निर्माण योजना | ५०८/२०७६/३/२७ | अन्तिम | ५५८४५४३.५९ |
| समपुरक अनुदान | खलगां बजार क्षैत्र खा.पा. आपुर्ति योजना वडा नं.४ र ५ | ४२१/२०७६/३/२५ | अन्तिम | ११३३०२३३ |

| | | |
|---|---|---|
| ३१. | **लागतसहभागीता खाता-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (५) मा कार्यालयलाई प्राप्त हुने सवै आम्दानी रकमको नगदी रसिद प्रयोग गरी आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले लागत सहभागिता वापत उपभोक्ता समितिबाट निर्माण कार्यको सम्झौता गर्दाको समयमा उपभोक्ता समितिले व्यहोर्ने लागत सहभागिताको रकम नगद भौचर प्राप्त गर्ने गरेको नगदी रसिद जारी गरी आम्दानी बाँध्ने गरेको देखिएन र लागत सहभागिता वापत प्राप्त भएको रकमको अभिलेख राख्ने नगरेबाट आर्थिक वर्ष २०७५/०७६ मा प्राप्त आम्दानीको सुनिश्चितता हुन सकिएन। कार्यालयमा रहेका बैंक स्टेटमेन्ट अनुसार रु. १६८९३५०४। आम्दानी भई सवै रकम पूँजीगत खर्च खातामा ट्रान्सफर गरेको देखिएकोले लागत सहभागिता वापत प्राप्त भएको रकमको नगदी रसिद प्रयोग गरी आम्दानी दाखिलाको यथार्थ हिसाव देखिने गरी अभिलेख राखिनु पर्दछ | |
| ३२. | **मूल्य अभिबृद्धि कर विजक :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ बमोजिम निर्माण व्यवसायीले आफुले निर्माण कार्यको बिल भुक्तानी प्राप्त गर्दा नियमानुसारको रीतपुर्वकको कर बिजक जारी गर्नु पर्दछ र कार्यालयले समेत आफुले भुक्तानी गरेको रकमको रीत पूर्वकको कर बिजक प्राप्त गर्नु पर्दछ । कार्यालयले देहाय बमोजिम भुक्तानी गर्दा उक्त कानुन बमोजिम रीत नपुगेको कर बिजकको आधारमा मूल्य अभिबृद्धि कर समेत भुक्तानी गरेको देखियो । तसर्थ यस प्रकार भुक्तानी भएको मू.अ.कर रकम सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा नियमानुसार कर बिवरण मार्फत समायोजन गरेको प्रमाण पेश हुनु पर्ने देखिएको रु... | २६१०९३२.२२ |

| गौ.भौ.नं./ मिति | योजनाको नाम | निर्माण व्यवसायी | जम्मा भुक्तानी | भुक्तानी मध्ये मू.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३३३/२०७६/३/१६ | खा.पा.तथा सरसफाई योजना वडा नं. ५ र ८ | नमस्कार निर्माण तथा ढुवानी सेवा | ३६४७८१७.४१ | ४१९६६०.४१ | हातले बिजक नं.०१० लेखेको |
| ५०९/२०७६/३/२७ | खा.पा.तथा सरसफाई योजना वडा नं. ५ र ८ | नमस्कार निर्माण तथा ढुवानी सेवा | १९४५४२१.६४ | २२३८०९.२० | हातले बिजक नं.१३ लेखेको |
| ३३४/२०७६/३/१९ | घट्टेखोला मुल्ला मौखोली सि.यो प्याकेज १ | नमस्कार निर्माण तथा ढुवानी सेवा | ३५३६९९२ | ४०६९१०.५९ | हातले बिजक नं.०९ लेखेको |
| ५०६/२०७६/३/२७ | घट्टेखोला मुल्ला मौखोली सि.यो प्याकेज १ | नमस्कार निर्माण तथा ढुवानी सेवा | २६१२५१४.४६ | ३००५५४.७६ | बिजक नं. उल्लेख नभएको |
| ५०८/२०७६/३/२७ | सरसफाई केन्द्र योजना निर्माण | नमस्कार निर्माण तथा ढुवानी सेवा | ५५८४५४३.५९ | ६४२४६९.६२ | हातले बिजक नं.१४ लेखेको |
| ३९१/२०७६/३/२३ | लोडर खरिद | नेशनल फायर सेफ प्रा.ली. | ४१७५००० | ४८०३०९.७४ | सक्कल बिजक पेश नभएको |
| ३५६/२०७६/३/२२ | ईन्भर्टर व्याकअफ सिस्टम जडान | अपि जुगल प्रविधी विकास प्रा.ली. | २२३४८० | २५७१०.०९ | हातले बिजक नं.०१ लेखेको |
| ४७४/२०७६/३/२६ | बिच बोगाबगडको मुल सडक देखि भित्र जाने बाटो निर्माण | नाम्पा निर्माण सेवा | ३७४७७२ | ४३११५.३७ | बिजक नं. उल्लेख नभएको फरक संस्थाको बिजक रहेको |
| ५५२/२०७६/३/३० | जाख भाडारी गाउ पाइप सिंचाई योजना | उमेश नि.से.एण्ड सप्लायर्स | ३१८६२७ | ३६६५६.२१ | हातले बिजक नं. ०२ लेखेको |
| ५८४/२०७६/३/३० | फोहोर मैला व्यवस्थापन कार्यको आईईई अध्ययन | अपि ईको कन्सल्टेन्सी एण्ड रिसर्च प्रा.ली. | २७५८६१ | ३१७३६.२३ | सक्कल बिजक पेश नभएको |
| | | जम्मा रु. | २२६९५०२९.१ | २६१०९३२.२२ | |

| | | |
|---|---|---|
| ३३. | **अधुरा ठेक्का:-** कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौता बमोजिम सम्झौतामा तोकिएको अवधि भित्र निर्माण व्यवसायीले तोकिएको कार्य तोकिएको गुणस्तरमा सम्पन्न गर्नु पर्दछ । कार्यालयले प्राप्त गरेको | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | विशेष अनुदान तर्फ घट्टेखोला मुल्ला मौखोली सि.यो प्याकेज २ को निर्माण कार्य गर्न निर्माण व्यवसायी जय लटबाब नि.से. एण्ड सप्लायर्ससंग २०७६ आषाढको अन्तिम हप्तामा कार्य सम्पन्न गर्ने गरी रु.५८,१३,८८३।० को सम्झौता मिति २०७६।०२।०८ मा भएको थियो । सम्झौतामा तोकिएको अवधीमा रु.२१,३३,४२०।० को कार्य भएको देखियो । तत् पश्चात अवधी थप भएको देखिन आएन भने निर्माण कार्य सम्पन्न गरेको समेत देखिन आएन । यस प्रकार अधुरो रहन गएको ठेक्का नियमानुसार अवधी थप गरेर वा हर्जना लगाएर सम्पन्न गराउन कार्यालयले थप पहल गर्नुपर्ने दखियो । | |
| ३४. | **ओभरहेड खर्च सम्वन्धमा :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम (७) र अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने विधि, प्रकृया र तरिकाको बारेमा उल्लेख रहेको छ । कार्यालयले निर्माण व्यवसायी मार्फत गराउने निर्माण कार्यहरु मध्ये कतिपय निर्माण कार्यको लागत अनुमान तर्जुमा गर्दा आइटम वाइज दर विश्लेषणमा १५ प्रतिशत ओभरहेड लागत समावेश नगरी दर बिश्लेषण गर्ने गरेको र कुल जम्मा लागत अनुमानमा एकमुष्ट रुपमा १५ प्रतिशत ओभरहेड लागत समावेश गर्ने गरेको छ । तर निर्माण व्यवसायीलाई प्रस्ताव आह्वान गर्दा र निजहरुले बोलपत्र प्रस्ताव पेश गर्दा भने आइटमवाइज रेटमा नै १५ प्रतिशत ओभरहेड समेत समावेश गर्ने गरेको देखियो । जसअनुसार आइटमवाइज लागत अनुमान दररेट र निर्माण व्यवसायीले बोलपत्र मार्फत प्रस्ताव गरेको दररेट तुलना गर्न कठिनाई पर्ने देखियो । कार्यालयले दर बिश्लेषण गर्दा नै १५ प्रतिशत ओभरहेड समाबेश गरी लागत अनुमान तयार गरी सुधार गरिनु पर्दछ । यसका केहि उदाहरण निम्नानुसार रहेका छन् । | |

| कार्यक्रम | योजनाको नाम | निर्माण व्यवसायी | ओभरहेड समेत कुल लागत अनुमान | सम्झौता भएको कवोल अंक |
|---|---|---|---|---|
| विशेष अनुदान | खा.पा. तथा सरसफाई योजना वडा नं.५ र ८ | नमस्कार निर्माण तथा ढुवानी सेवा | ५६१६९१८.२१ | ५५९८७९१.४८ |
| विशेष अनुदान | सरसफाई केन्द्र निर्माण योजना | नमस्कार निर्माण तथा ढुवानी सेवा | ८७१०८२६.५१ | ५५८८९४१.९२ |
| समपुरक अनुदान | खलगां बजार क्षैत्र खा.पा. आपुर्ति योजना वडा नं.४ र ५ | देवहरी निर्माण सेवा | ११४२८५७१ | ११३५२७०६ |

| | | |
|---|---|---|
| ३५. | **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० उपनियम (४) मा कार्यसम्पादन जमानतको मान्य अवधि अन्तिम अवधि र त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्नेछ भन्ने प्रावधान रहेको छ । कार्यालयले निम्न निर्माण कार्यहरुको सम्झौता गर्दा नियमावलीको उक्त प्रावधान बमोजिम कार्यसम्पादन जमानतको मान्य अवधी कायम गराएर गर्नुपर्नेमा सो भन्दा घटी अवधी कायम रहेको कार्य सम्पादन जमानतको आधारमा सम्झौता गरेको देखियो । यसबाट योजना निर्माण कार्यमा जोखिम बढ्न गएको छ । यसरी देहाय बमोजिम घटी मान्य अवधी कायम रहेका निमार्ण कार्यको कार्य सम्पादन जमानतको मान्य अवधी नियमानुसार थप गराउनु पर्दछ । | |

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | कार्य अवधी | कार्य सम्पादन जमानतको अवधी | जारी गर्ने बैंक | जमानतको रकम | दायित्व अवधी |
|---|---|---|---|---|---|---|---|
| खा.पा. तथा सरसफाई योजना वडा नं.५ र ८ ( विशेष अनुदान तर्फ) | नमस्कार निर्माण तथा ढुवानी सेवा | ५५९८७९१ | २०७६ आषाढ तेश्रो हप्ता | १८ मे, २०२० वा कार्य सम्पन्न हुने अवधी जुन चाडो हुन्छ सोही अवधी | सनराइज बैंक | २४७७३४ | १ वर्ष |
| घट्टेखोला मुल्ला मौखोली सि.यो प्याकेज १ (विशेष अनुदान तर्फ) | नमस्कार निर्माण तथा ढुवानी सेवा | ६१५२७५३ | २०७६ आषाढ तेश्रो हप्ता | १८ मे, २०२० वा कार्य सम्पन्न हुने अवधी जुन चाडो हुन्छ सोही अवधी | सनराइज बैंक | १२०११०५ | १ वर्ष |
| सरसफाई केन्द्र निर्माण योजना (विशेष अनुदान तर्फ) | नमस्कार निर्माण तथा ढुवानी सेवा | ५५८८९४२ | २०७६ आषाढ तेश्रो हप्ता | १२ मे, २०२० वा कार्य सम्पन्न हुने अवधी जुन चाडो हुन्छ सोही अवधी | सनराइज बैंक | १०५०५११ | १ वर्ष |

| | | |
|---|---|---|
| ३६. | **आ.व.को अन्त्यमा सम्झौता गरी कार्य गराएको :-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३ र | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ७४ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ४ बमोजिम कार्यालयले स्विकृत वार्षिक कार्यक्रम अनुसार प्रथम, दोस्रो तथा तेस्रो तीन वटै चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिए बमोजिम खर्च गर्नु पर्दछ । कार्यालयले पुंजिगत खर्चको अधिकाशं हिस्सा आर्थिक वर्षको अन्त्यतिर आएर जेष्ठ र आषाढमा सम्झौता गरी कार्य गराएको देखियो । यसरी आर्थिक वर्षको अन्ततिर अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा नकारात्मक असर पर्नुको साथै कामको चापले गर्दा पर्याप्त निरीक्षण तथा अनुगमन हुन नसक्ने र बजेट तथा खर्च बीच सन्तुलन हुन नसक्ने हुन्छ । कम समयावधि राखी निर्माण कार्यको लागि कार्यदेश दिदा काम तोकिएको गुणस्तर र कार्यमा दिगोपना हुने गरी तोकिएकै समयमा सम्पन्न हुने सम्भावना कम देखिन्छ । कार्यालयले कामको प्रकृति अनुसार कति समयमा गुणस्तरीय रुपमा कार्य सम्पन्न हुने हो सोही अनुरुप कार्यसम्पन्न गर्ने अवधि निर्धारण गरी निर्माण कार्य गराउनु पर्दछ । यस सम्बन्धमा देखिएका केही उदाहरण निम्न छन । | |

| योजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | कार्य सम्पन्न गर्ने अवधी | यो आ.व.मा भएको कार्य | हालको अवस्था |
|---|---|---|---|---|---|
| खलगां बजार क्षैत्र खा.पा. आपुर्ति योजना वडा नं.४ र ५(समपुरक अनुदान तर्फ) | ११३६९७६० | २०७६/२/१० | २०७६आषाढ तेश्रो हप्ता | ११३३०२३३ | सम्पन्न |
| सौर्य सडकवत्ती जडान कार्य(समपुरक अनुदान तर्फ) | ७९७०००० | २०७६/२/३१ | २०७६आषाढ तेश्रो हप्ता | ७९७०००० | सम्पन्न |
| खा.पा. तथा सरसफाई योजना वडा नं.५ र ८ (विशेष अनुदान तर्फ) | ५५९८७९१ | २०७६/२/६ | २०७६आषाढ तेश्रो हप्ता | ५५९३२३८ | सम्पन्न |
| सरसफाई केन्द्र निर्माण योजना (विशेष अनुदान तर्फ) | ५५८८९४२ | २०७६/१/३० | २०७६आषाढ तेश्रो हप्ता | ५५८४५४४ | सम्पन्न |
| घट्टेखोला मुल्ला मौखोली सि.यो प्याकेज १ (विशेष अनुदान तर्फ) | ६१५२७५३ | २०७६/२/६ | २०७६आषाढ तेश्रो हप्ता | ६१४९५०६ | सम्पन्न |
| घट्टेखोला मुल्ला मौखोली सि.यो प्याकेज २ (विशेष अनुदान तर्फ) | ५८१३८८३ | २०७६/२/८ | २०७६आषाढ तेश्रो हप्ता | २१३३४२० | अधुरो |

| | | |
|---|---|---|
| ३७. | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत यस नगरपालिकामा ६ वटा योजनाको लागी रु.१ करोड १ लाख रकम स्वीकृत गरेकोमा समुदायको नगद साझेदारी रु.१३,५५,०२१।० समेत जम्मा रु.१,१४,५५,०२१।० खर्च लेखिएको छ । जसमा निम्नानुसार देखियो । | |
| ३७.१ | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधी) नियमावली, २०७५ को दफा १३ मा संचालित कार्यक्रमहरुको कार्य सम्पन्न भएपछि कार्यक्रम कार्यान्वियन गर्ने स्थानिय तहले सार्वजनिक सुनुवाई गरेर, आम्दानी खर्चको विवरण जांच गरेर, नागरिक समाजबाट परीक्षण गराएर सार्वजनिक परीक्षण गराउनु पर्ने प्रावधान रहेको छ । कार्यालयले नियमावलीको उक्त प्रावधान बमोजिम सार्वजनिक परीक्षण गराउने गरेको देखिन आएन । यसमा सुधार गरिनु पर्दछ । | |
| ३७.२ | उक्त नियमावलीको नियम १७ र अनुसुची ३ अनुसार कार्यक्रमको प्रशासनिक खर्चको लागी विनियोजन भएको रकमको १ प्रतिशतले हुन आउने रकम को.ले.नि.का.ले २ किस्तामा उपलब्ध गराउने प्रावधान रहेको छ । सो रकम बाहेक योजनामा विनियोजित रकमबाट प्रशासनिक र अन्य प्रयोजनको लागी रकम छुट्याउने र खर्च गर्न सक्ने प्रावधान रहेको देखिन आएन । तर नगरपालिका कार्यालयले ६ वटा योजनाको कन्टिन्जेन्सी वापत रु.३,०५,७४५।० र मर्मत कोष वापत रु.२,००,४९८।० समेत हुने रु.५,०६,२४३।० छुट्याई खर्च लेखेको छ । यस प्रकार खर्च लेखेको रकम नियम सम्मत भन्न मिल्ने नदेखिएकोले असुल गरी संघिय सन्चित कोषमा दाखिला हुनु पर्ने देखिएको रु. | ५,०६,२४३।० |
| ३७.३ | **सिमित प्रतिस्पर्धा:-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उप दफा (१) मा सार्वजनिक निकायले खरिद गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद बिधिको उल्लेख गरेको छ । सोही दफाको उपदफा (२) मा यो ऐन र नियमावली बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । त्यसैगरी दफा २४(१) मा आपसमा मिलोमतो गरी दाखिला भएका बोलपत्र उपर कारवाही नहुने उल्लेख छ । नियमावलीको नियम ७ मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | संचालन हुने योजनाको खरिद गर्दा खरिदको गुरु योजना र नियम ८ मा बार्षिक रु.१० लाख भन्दा बढी रकमको खरिद गर्दा खरिद योजना तयार गरी स्वीकृत गराइ सोही बमोजिम खरिद कार्य तोकिएको खरिद बिधि अनुसार गर्नुपर्ने उल्लेख रहेको छ । कार्यालयले देहाय बमोजिमको बोलपत्र वा सिलवन्दी दरभाउपत्रको बिधिबाट निर्माण कार्य गराइ रु.२५१९००२६ खर्च लेखेको छ। जुन निम्नानुसार रहेको छ । | |

| योजनाको नाम | कुल लागत अनुमान | बिक्री | दर्ता | सम्झौता रकम | निर्माण व्यवसायी | घटी प्रतिशत | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| खा.पा. टंकी र पाइप लाइन निर्माण कार्य (विशेष अनुदान तर्फ) | ५६१८६१७ | ९ वटा | ३ | ५५९८७९१ | नमस्कार निर्माण तथा ढुवानी सेवा | ०.३५% | ५८४०७२७ | सिमित प्रतिस्पर्धा |
| खलगां बजार क्षेत्र खा.पा. आपुर्ति योजना वडा नं.४ र ५ | ११४२८५७१ | २१ वटा | ४ | ११३६९७६० | देवहरि नि.से. | ०.१५% | ११३३०२३३ | सिमित प्रतिस्पर्धा |
| लोडर १ थान खरिद | ४२००००० | २ वटा | २ | ४१७५००० | नेशनल फायर सेफ प्रा.ली. | ०.५७% | ४१७५००० | खरिद टुक्राएको |
| ट्रक टिपर २ थान खरिद | २९००००० | १ वटा | १ | २८२८००० | सिप्रदी ट्रेडिगं | २.४८% | २८२८००० | |
| सरसफाई केन्द्र स्थापना अध्ययन कार्य | ८७७५०० | सोझै | १ | ८७७५०० | एस.डि.सी.ई न्जिनियरिगं प्रा.ली. | ०% | ८७७५०० | बिना प्रतिस्पर्धा |
| बिड डकुमेण्ट तयारी र प्राविधिक सहयोग गर्ने | १३८५६६ | सोझै | १ | १३८५६६ | एस.डि.सी.ई न्जिनियरिगं प्रा.ली. | ०% | १३८५६६ | |
| जम्मा रु. | २५१६३२५४ | | | २४९८७६१७ | | | २५१९००२६ | |

| | | |
|---|---|---|
| ३७.४ | यसरी लागत अनुमान स्वीकृत भएका उपरोक्त योजनाहरुलाई बोलपत्र वा सिलबन्दी दरभाउपत्रको बिधिबाट निर्माण कार्य गरेको भएता पनि बिक्री भएको प्रस्ताव सबै दर्ता हुन आएको छैन । पेश भएका प्रस्तावहरु समेतमा पूर्ण प्रतिस्पर्धी तवरले प्रस्ताव दर्ता नगरी स्वीकृत लागत अनुमान भन्दा अत्यन्तै न्यून घटेर मात्र सवैजसोले प्रस्ताव दर्ता गरेको देखियो । प्रस्ताव दर्ता संख्या, प्रभावग्राही प्रस्तावको संख्या र लागत अनुमानको अनुपात तुलना गर्दा प्रतिस्पर्धाको अवस्था नदेखिएकोले त्यस किसिमको अवस्था आउन नदिने प्रणालीलाई अवलम्वन गर्नु पर्ने देखिन्छ । यसरी गरिएको खरिद कार्य उक्त ऐन र नियमावली बमोजिम प्रतिस्पर्धी र मितव्ययी भयो भन्न सकिने अवस्थाको सुनिश्चितता हुनु पर्दछ । | |
| ३८. | **जिन्सी सम्पत्तीः** आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । कार्यालयले लेखापरीक्षण अवधीसम्म खर्च भएर जाने र नजाने मालवस्तु तथा सम्पत्तीको जिन्सी निरीक्षण गरेको छैन । साथै जिन्सी निरीक्षणको लागी पहल समेत गरेको देखिन आएन । त्यसैगरी यो आर्थिक वर्षमा खरिद वा प्राप्त गरेका जिन्सी मालवस्तु तथा सम्पत्तीहरु मध्ये शुरुका अवधीको केहि आंशिक मालवस्तु तथा सम्पत्तीहरु सम्वन्धित जिन्सी खातामा आम्दानी बाधेको छ भने तत्पश्चात खरिद वा प्राप्त भएका अधिकांश मालवस्तु तथा सम्पत्तीहरु (योजना तथा कार्यक्रमको लागी खरिद गरिएको समेत) को जिन्सी खातामा आम्दानी बाधेको समेत देखिएन । जस अनुसार मालवस्तु तथा सम्पत्तीको अभिलेख अद्यावधिक गरी पूर्ण सदुपयोग र संरक्षण भएको छ भनि आश्वस्त हुन सक्ने अवस्था देखिएन । यसमा सम्वन्धित निकाय तथा पदाधिकारीहरुले समेत ध्यान पुर्‍याएको पाइएन । यस सम्वन्धमा यथार्थता छानविन गरिनु पर्दछ साथै यथाशिघ्र मालवस्तु र सम्पत्तीको अभिलेख अद्यावधिक गरी उचित संरक्षण र सदुपयोगको प्रवन्ध मिलाउनु पर्दछ । पूंजिगत खर्च तर्फ जिन्सी खातामा आम्दानी नवाधेका केहि उदाहरण निम्नानुसार रहेका छन् । | |

| गौ.भौ./ मिति | विवरण | परिमाण | भुक्तानी रु. |
|---|---|---|---|

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ४८३/२०७६/३/३० | ई.हाजिरी फिंगर प्रिण्ट मेसिन | २१ थान | ४९४५५० |
| ४५५/२०७६/३/२५ | टेवुल, कुर्सी | १ / १ थान | ३२७७० |
| ४९०/२०७६/३/३० | कुर्सी, दराज, टेवुल | १०/१/१ थान | २५००० |
| ४९४/२०७६/३/३० | एचडिपी पाईप | ३१० मि. | ६०८४८ |
| ४८०/२०७६/३/२७ | डिजिटल सुचना पाटी,एलईडी टिभी.,आदि | १/१ थान | ३३१३०४ |
| ४७०/२०७६/३/२७ | एचडिपी पाईप | ४५० मि. | २९३५२ |
| ४३१/२०७६/३/२५ | मोवाईल फोन,कुर्सी, ग्यास चुलो लगायत | विभिन्न | ७८४८४ |
| ५०२/२०७६/३/२७ | खेलकुद सामाग्री | विभिन्न | ११८७५० |
| ५२१/२०७६/३/२७ | विभिन्न मेसिनरी, फर्निचर लगायत | विभिन्न | १३०४५० |
| ५४३(क)/२०७६/३/३० | तारजाली बक्स खरिद | १०९ थान | ४९७४०५ |
| ५५५/२०७६/३/३० | छाता लगायत लगायत | विभिन्न | ९५३८५ |
| ५५८,५५९र ५६०/२०७६/३/२६ | ल्यापटप १, टेवुल १, बोर्ड ५ लगायत | विभिन्न | १५०७९५ |
| ५६७/२०७६/३/२६ | डेस्कटप २, ल्यापटप १, प्रिण्टर १, एचडिपी पाईप ६०० मि. लगायत | विभिन्न | २४५८०८ |
| ५८२/२०७६/३/२७ | अफिस टेवुल | १ थान | १६००० |
| ५७०/२०७६/३/३० | पर्दा, डोरमेट लगायत | विभिन्न | ४७२६० |
| ५७९/२०७६/३/३० | क्यामरा, सिसिटिभी जडान लगायत | विभिन्न | ४९७५९९ |
| ५६२/२०७६/३/३० | कार्पेट, पर्दा लगायत | विभिन्न | १६०४६० |
| | जम्मा रु. | | ३०१२२२० |

| | | |
|---|---|---|
| ३९. | **आर्थिक सहायता-** स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा ३.४ मा नेपाल सरकारबाट प्राप्त रकम कुनै पनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाइने व्यवस्था छ । नेपाल सकरारबाट प्राप्त अनुदान रकमबाट आर्थिक सहायतामा रु. १००००००। खर्च गरेकाले नियमले नमिल्ने रकम खर्च गर्दा नियम कार्यान्वियन नहुने र खर्च वढेको देखिन्छ । नेपाल सरकारबाट प्राप्त अनुदान रकम बाट आर्थिक सहायतामा खर्च गरेका रकमको आधार प्रमाण पेश हुनु पर्ने रु. | १००००००।०० |
| | **व.शी.नं. ३७११०८३ प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| ४०. | **कन्टिन्जेन्सी रकम -** नेपाल सरकारबाट प्राप्त शर्शत अनुदान वापतको निकासा रकम वर्षान्तमा खर्चनभई बाँकी रहेको रकम संघीय संचितकोष फिर्ता हुनु पर्ने व्यवस्था छ । निकासा रकम मध्ये कन्टिन्जेन्सी वापत कट्टा गरेको रकम रु. ४७,०००। खर्च नभई मौज्दात रहेकाले संघीय संचित कोषमा फिर्ता हुनु पर्ने रु. | ४७०००। |
| ४१. | **अग्रिम करकट्टी -** आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम करकट्टी गरेको रकम तोकिएको समयमा दाखिला गर्नु पर्ने व्यवस्था छ । निम्न शीर्षक एवं कार्यक्रमबाट कार्यालयले अग्रिम कर कट्टी गरेको रकम राजश्व दाखिला भएको देखिएन । सम्बन्धित खातामा दायित्व रहेको रकम समयमा दाखिला नहुदा राजश्व आम्दानीमा कमी आएको छ । राजश्व दाखिला हुनुपर्ने अग्रिम कर कट्टी रकम नियमानुसार दाखिला हुनुपर्ने रु………… | ४४७२०।०० |

| शीर्षक | अग्रिम कर | वहाल कर | मु.अ.कर | जम्मा |
|---|---|---|---|---|
| मर्मत सम्भार कोष | १०१३ | ३९३३ | ४३८९ | ९३३५ |
| विपद् व्यवस्थापन कोष | ६६३५ | | २८७५० | ३५३८५ |
| जम्मा | | | | ४४७२० |

| | | |
|---|---|---|
| ४२. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा | |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>व.उ.शी. नं. ३६५८०९४ झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम</td><td></td></tr>
<tr><td>४३.</td><td>व.शी. नं. ३६५८०९४ झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ मा वर्षान्तमा बाँकी रहेको रकम को.ले.नि.का. फिर्ता गर्नु पर्ने व्यवस्था छ । यो शीर्षकमा कन्टिन्जेन्सी वापत खर्च नभई वाँकी रहेका रकम रु १७९७००। स्थानीय संञ्चित कोष खातामा दाखिला गरेकाले को.ले.नि.का. फिर्ता गर्नु पर्ने रकम फिर्ता नभएकोले संघीय संचितकोष दाखिला हुनुपर्ने रु......</td><td>१७९७००।</td></tr>
<tr><td>४४.</td><td>गो.भौनं.५३६-२०७६।३।३० निशिल पौनेखोला सडक निर्माण योजना उपभोक्ता समिति संग मिति २०७६।२।०९ मा लागत अनुमान रु.४९१९९५१।०० मा सम्झौता गरी कार्य गरेकोमा यस समबन्धमा देखिएको व्यहोरा निम्न अनुसार छन ।</td><td></td></tr>
<tr><td>४४.१</td><td>महाकाली नगरपालिकाको योजना संचालन सम्वन्धी कार्यविधी,२०७४ को दफा २ मा योजनाको लागत अनुमानमा १५ प्रतिशतमा कम नहुने गरी उपभोक्ताको लागत सहभागिता वा जनसहभागिताको अंश समावेश हुने उल्लेख रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागितको अंशकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले उपभोक्ताको अंश वापत रु.६७५०००।०० कट्टा नगरेको देखिएकाले समबन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्दछ ।</td><td>६७५०००/-</td></tr>
<tr><td>४४.२</td><td>परिमाण बढाएर भुक्तानी : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ । नगरपालिकाले तल उल्लेखित आइटमहरुको समझौतामा उल्लेखित परिमाण भन्दा बढी कार्यको भुक्तानी गरेको देखिएकाले भेरियशन आदेश वेगर परिमाण बढाएर दिएको भुक्तानी असुल हुनु पर्ने रु...
<table>
<tr><th>आइटम नं.</th><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम रु.</th><th>बढी प्रतिशत</th></tr>
<tr><td>२.२.२</td><td>hard rock</td><td>८६०</td><td>२०९.०३</td><td>१७९७६५.८</td><td>२२.५</td></tr>
<tr><td>४</td><td>gabin box 3:1:1</td><td>१५</td><td>१३७९८.६६</td><td>२०६९७९.९९</td><td>१००</td></tr>
<tr><td>४</td><td>gabin box 2:1:1</td><td>१२</td><td>९४१३.९८</td><td>११२९६७.७६</td><td>१००</td></tr>
<tr><td>४</td><td>gabin box 1.5:1:1</td><td>१०</td><td>७०७४.४०</td><td>७०७४४.००</td><td>१००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५७०४५७.५५</td><td></td></tr>
</table></td><td>५७०४५७/५५</td></tr>
<tr><td>४४.३</td><td>आइम नं. ३.१ मा वाँस रोप्ने कार्य समावेश गरेकोमा उपभोक्ताले गर्नुपर्ने मुख्यकाम वायो इन्जिनियरिङको कार्य नगरेको कारण भुक्ष्य हुने पहिरो जाने सम्भावना रहन्छ । सम्झौतामा उल्लेखित कार्य समपन्न गराउने तर्फ नगरपालिकाको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>सरसफाई केन्द्रका लागि जग्गा सम्याउने तथा निर्माण कार्य गर्न खेट्टे वगड सामुदायिक वन उपभोक्ता समिति सँग कुल लागत अनुमान रु.२२१९०९२ मा सम्झौता गरी कार्य गराएकोमा देखिएको व्यहोरा निम्न छन ।</td><td></td></tr>
<tr><td>४५.१</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागितको अंशकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिलाई आईटम नं.१ मा road construction तथा site clereance कार्यमा १५ प्रतिशत ओभरहेड समेत जोडेर भुक्तानी भएको देखिएकाले रु.१४३१८८।०० बढी भुक्तानी भएको रकम सम्बन्धितवाट असुल हुनु पर्दछ ।</td><td>१४३१८८/-</td></tr>
<tr><td>४५.२</td><td>महाकाली नगरपालिकाको योजना संचालन सम्वन्धी कार्यविधी,२०७४ को दफा २ मा योजनाको लागत</td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | अनुमानमा १५ प्रतिशतमा कम नहुने गरी उपभोक्ताको लागत सहभागिता वा जनसहभागिताको अंश समावेश हुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागितको अंशकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । खेट्टे वगड सामुदायिक वन उपभोक्ता समितिलाई भुक्तानी गर्दा रु.२८५०००।०० जनसहभागितको अंशकट्टा गरी भुक्तानी दिनु पर्नेमा जम्मा रु.३१९९२।०० मात्रै कट्टा गरेको देखिएकाले घटी कट्टी गरेका २५३००८।०० सम्बन्धितबाट असुल हुनु पर्दछ । | २५३००८/- |
| ४५.३ | मूल्य अभिबृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ बमोजिम निर्माण व्यवसायीले आफुले निर्माण कार्यको बिल भुक्तानी प्राप्त गर्दा नियमानुसारको रितपुर्वकको कर बिजक जारी गर्नु पर्दछ र कार्यालयले समेत आफुले भुक्तानी गरेको रकमको रीत पूर्वकको कर बिजक प्राप्त गर्नु पर्दछ । कार्यालयले उपभोक्ता समितिलाई भुक्तानी गर्दा कानुन बमोजिम रीत नपुगेको नमस्कार निर्माण सेवाको हातले लेखिएको कर बिजकको आधारमा मूल्य अभिबृद्धि कर समेत भुक्तानी गरेको देखियो । तसर्थ यस प्रकार भुक्तानी भएको मू.अ.कर रकम सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा नियमानुसार कर बिवरण मार्फत समायोजन गरेको प्रमाण पेश हुनु पर्ने देखिएको रु... | १९८०१/६० |
| ४६. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) र (८) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने र कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नगरपालीकाले मालिकार्जुन मा.वि धापलाई नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप अन्य व्यवस्थापन वापत रु.३६८५६६६।०० भुक्तानी भएकोमा सो को विल भरपाई पेश नभएको देखिएकाले खर्च प्रमाणित गर्ने विल भरपाई पेश हुनु पर्दछ। | ३६८५६६६/- |
| ४७. | मालिकाअर्जुन नमुना उच्च मा.वि. धापको भवन निर्माण गर्न रु.९९९४१७९।०० लागत अनुमानमा मिति २०७५।१२।०८ मा सम्झौता गरी उपभोक्ता समिति मार्फत कार्य गराएकोमा देखिएको व्यहोरा निम्न छन । | |
| ४७.१ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति लाई ओभहेड दिन नमिल्ने व्यवस्था रहेकोमा नियममा भएको व्यवस्था विपरित आइटम नं.१.२ earth work exacavation of soil and leveling of ground कार्यमा ६१।७५ ओभरहेड जोडेर भुक्तानी गरेको देखिएकाले उक्त बढी भुक्तानी भएको रकम रु.१०९८६।४० सम्बन्धितबाट असुल हुनु पर्दछ । | १०९८६/- |
| ४७.२ | महाकाली नगरपालिकाको योजना संचालन सम्वन्धी कार्यविधी,२०७४ को दफा २ मा योजनाको लागत अनुमानमा १५ प्रतिशतमा कम नहुने गरी उपभोक्ताको लागत सहभागिता वा जनसहभागिताको अंश समावेश हुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागितको अंशकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस विद्यालयलाई भवन निर्माणको कार्यको भुक्तानी दिदा उपभेक्ताको अंश रु.१४५५६२०।०० कट्टा गरी भुक्तानी हुनु पर्नेमा जम्मा रु.२७७५९३।७२ मात्रै कट्टा गरेको देखिएकाले घटी कट्टा गरेको रु.११७८०२६।०० सम्बन्धित भवन निर्माण उपभोक्ता समितिवाट असुल हुनु पर्दछ । | ११७८०२६/२३ |
| ४८. | **अनुदान वितरण :** लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्नु पर्नेमा । सो विपरित सञ्चार व्यवसाय गर्ने रेडियो दार्चुला एफ.एम.लाई सोलार जडान अनुदान भनि रु.४०३९९९।०० भुक्तानी भएको देखिएकाले नियम विपरितको भुक्तानी नियन्त्रण हुनु पर्ने रु..... | ४०३९९९/- |
| ४९. | **अग्रमि कर कट्टी :** आयकर ऐन ,२०५८ को दफा ८८(१) मा भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले अस्मिता होटल एण्ड रेष्टुरेण्टलाई रु. १८३२००।०० भुक्तानी गरेको नियमानुसार १५ प्रतिशत कर रु.२७४८०।०० असुल हुनु पर्दछ। | २७४८०/- |
| ५०. | **५९३- २०७६।३।३०** आयकर ऐन ,२०५८ को दफा ८८(१) मा प्रतिफल वापतको भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले सडक सर्भे डिजाइन वापत इन्जिनियर महेन्द्र सिंह डागालाई रु.५०७१२०।०० भुक्तानी गर्दा नियमानुसार कर कट्टी नगरेको देखिएकाले रु.७६०६८।०० सम्बन्धितबाट असुल हुनु | ७६०६८/- |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | पर्दछ । | |
| **५१.** | **बढी भुक्तानी :** २ - ११।०७५।६।२५ निङलासेनी भगवति मन्दिर निमार्ण समिति म.न.पा.९ दत्तु ले मन्दिर निमार्ण गर्दा रु.१२,६२,९०७।  ल.ई. सम्झौता भएकोमा यसको ५० प्रतिशत अर्थात रु.६,३१,४५३।-उपभोक्ता समितिले तथा कार्यालयले रु.६,३१,४५३।- (कन्टिन्जेन्सी रु.१८,९४४।-) समेत व्यहोर्नुपर्नेमा रु. १२,०४,७७५।- भुक्तानी गरेको छ । बढी भूक्तानी रु.५,७३,३२२।- असुल हुनुपर्ने । | ५७३३२२/- |
| **५२.** | **क्लबको खर्च :** २३-२०७५।८।५ लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिनेमा । स्थानिय स्तरमै संचालन हुने कार्यक्रमको लागि रकम वितरण गर्नु नियम विपरित हुने देखिन्छ । स्पष्ट कार्ययोजना वेगर नगरपालिकाले अपि चौलानी सिर्जनशिल युवा क्लबले शैल्यशिखर गोकुलेश्वरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्न रु २५००००।०० दिएकोमा कार्यविधिको परिपालना भएको नदेखिएको रु............. | २५००००/- |
| **५३.** | **सक्कल कर विजक वेगर भुक्तानी : गो.भौ.नं.४२९-२०७६।३।२५** मूल्य अभिवृद्धि कर नियमावली ,२०५३ को नियम १७(१) मा  दर्ता भएको व्यक्तिले कुनै वस्तु वा  सेवा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनूसुची ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने कानुनी व्यवस्था छ । नगरपालिकाले पांर्श्वचित्र र अन्तक्रियात्मक नक्सा बनाउने कार्यको लागि कल्पा क्रियटिभ काठमाण्डौलाई रु.१०१४०००।- भुक्तानी गर्दा कर विजक सममावेश गरेको सक्कल कर विजक पेश गर्नु पर्ने रु..................... | १०१४०००/- |
| **५४.** | **भत्ता एवं सुविधा-** सात नम्बर प्रदेश सभाले वनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ । प्रदेश कानूनमा नभएको निम्न भत्ता एवं सुविधाहरु लिएकोले कानून बमोजिम नदेखिएको विवरण निम्न छन । | |
| **५४.१** | **पोषाक भत्ता -** २८। २०७५/०६/२१ नगरपालिकाका पदाधिकारी ४९ जनालाई रु. १०,०००। को दरले हुने पोषाक भत्ता वापत भूक्तानी दिएको रु. ४९०,०००।  असुल हुनु पर्दछ । | ४९००००/- |
| **५४.२** | ४८।२०७५/०६/२२ रासन भत्ता नगर प्रमुख हंस राज भट्ट लाई मासिक रु. १५०००। का दरले बार्षिक राशन भत्ता भूक्तानी दिएको रकम रु. १८०,०००।- असुल हुनु पर्दछ । | १८०,०००।- |
| **५४.३** | ४८।२०७५/०६/२२ नगर उपप्रमुख सुना वोहरालाई मासिक रु. १५०००। का दरले बार्षिक राशन भत्ता भूक्तानी दिएको रकम रु.१८००००।०० असुल हुनु पर्दछ । | १८०,०००।- |
| **५४.४** | ४८।२०७५/०६/२२  नगर प्रमुखको भान्से नरेश दत्त भट्टलाई मासिक रु. ८०००।- का दरले वार्षिक पारिश्रमिक भूक्तानी दिएको रकम रु. ९६,०००।- असुल हुनु पर्दछ | ९६,०००।- |
| **५४.५** | ४८।२०७५/०६/२२ नगर उपप्रमुखको भान्से किसोर वोहरालाई मासिक रु. ८०००।- का दरले वार्षिक पारिश्रमिक भूक्तानी दिएको रकम रु. ९६,०००।- असुल हुनु पर्दछ । | ९६,०००।- |
| **५४.६** | २०७५/६/२५ र ४९२। २०७६/३/३० पोत्साहन भत्ता १.५ महिना वरावरको रकम निम्न पदाधिकारी र कर्मचारीलाई पोत्साहन भत्ता वापत भूक्तानी दिएको रु. ८६०१०५।- असुल हुनु पर्दछ । | ८६०१०५।- |

| नाम थर | पद | २०७५ जेष्ठ र असारको | २०७६ जेष्ठ र असारको | जम्मा भूक्तानी |
|---|---|---|---|---|
| हंस राज भट्ट | नगर प्रमुख | ५२५००।- | २१०,०००।- | २६२,५००।- |
| सुना बोहरा | नगर उपप्रमुख | ४५०००।- | | ४५०००।- |
| खेम राज देवकोटा | नि.प्र.प्र. अधिकृत | ४५७५०।- | | ४५७५०।- |
| यज्ञ राज लेखक | लेखा अधिकृत | ४५७५०।- | | ४५७५०।- |
| विरेन्द्र सिह धामी | नायव सुव्वा | ३५२५०।- | १५५,०००।- | १९०२५०।- |
| करन सिह धामी | क.अ. | २३५००।- | | २३५००।- |
| विष्णु दत्त बडू | खरिदार | २२१७०।- | ९९७६५।- | १२१९३५।- |
| दिपक प्रसाद भट्ट | लेखापाल | | १३३४२०।- | १३३४२०।- |
| पुष्कर राज जोशी | वडा अध्यक्ष | | ६६,०००।- | ६६,०००।- |
| तोरन प्रसाद अवस्थी | वडा अध्यक्ष | | ६६,०००।- | ६६,०००।- |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५४.७ | १०९। २०७५/९/४ औषधी उपचार - ६ नं. वडा सदस्य विष्णुदत्त जोशीलाई औषधी उपचार खर्च भूक्तानी भएको रु. २०,०००।– भुक्तानी दिन मिल्ने कानुनी आधार पेश हुनु पर्दछ । | २००००/- |
| ५५. | **मू.अ.कर दाखिलाः** मु.अ.कर ऐन, २०५२ तथा नियमावली, २०५३ बमोजिम कार्यालयले भुक्तानी दिएको १३ प्रतिशत मु.अ.कर रकमको ५० प्रतिशत मु.अ.कर रकम कट्टी गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले यस प्रकार कट्टी गरेको मु.अ.कर रकम कुन कुन व्यक्ति वा संस्थाको के कति कट्टी गरी के कति रकम राजस्वको सम्वन्धित खातामा दाखिला गरियो सो अभिलेख तयार नगरेबाट एकिन हुन सकेन । | |
| ५६. | **कर समयमा दाखिला नगरेको :** आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम कर कट्टी रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानीमा कट्टा गरेको विभिन्न कर समयमा दाखिला नगरी एकमुष्ट रकम रु .१६८५८५१९।०० मिति २०७६।०४।२७ मा दाखिला गरेको देखियो । ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन नगरेको र समयमा दाखिला गर्नेतर्फ ध्यान नदिएको कारणले समयमा दाखिला नभएको हुनसक्ने देखियो । समयमा दाखिला नहुदा आर्थिक कारोवारको लेखा अद्यावधिक नहूने र राजश्व आम्दानी दाखिला ढिला हुने देखियो । ऐनमा व्यवस्था भएअनुसार भुक्तानीमा कट्टी गरिएको अग्रिम कर समयमा दाखिला गरी लेखा दुरुस्त हुनुपर्दछ । | |
| ५७. | **उपभोक्ता समितिबाट भएको निर्माण कार्य** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य रोजगारी सिर्जना गर्ने र लाभग्राही समुदायलाइ सहभागी गराउने भएमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरि त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा एक करोड भन्दा बढी लागत अनुमानको कार्य गराउन नमिल्ने, साठी लाख रुपैया भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाइमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान उल्लेख गर्नुपर्ने, हेभी मेशिनहरु प्रयोग गर्न नमिल्ने, आफुले पाएको निर्माण कार्य सवकन्ट्याक्टरबाट गराउन नमिल्ने र निर्माण कार्य सम्पन्न भएपछि आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने र खरिद नियमावलीको नियम १९ मा स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था छ ।<br>स्थानीय तहले धेरैजसो निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा ऐनमा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरियता, दिगोपना र रोजगारी सिर्जना गर्ने पर्याप्त आधारहरु सुनिश्चित गरेर निर्माण कार्य गराएको देखिदैन । खरिद नियमावलीमा भएका व्यवस्थाहरु अधिकांश सडकका आयोजनाको कुल लागत अनुमान एक करोड भन्दा बढी हुने साठी लाख भन्दा बढी लागत अनुमान भएकोमा प्रत्येक इकाइमा उपभोक्ताले गर्नुपर्ने योगदान उल्लेख नहुने, सडक निर्माण कार्यका योजनाहरुमा हेभी मेशिन प्रयोग हुने, हेभी मेशिनको प्रयोग कन्सटक्सन कम्पनी मार्फत हुने गरेका र निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिलाइ आयोजना हस्तान्तरण हुने नगरेको र स्थायी लेखा नम्बर नलिएकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन मिल्ने देखिदैन । नियममा भएका व्यवस्थाको कार्यान्वयन नगरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा ऐन नियममा भएका व्यवस्थाको कार्यान्वयनमा असर परेको छ । खरिद ऐन नियममा भएका व्यवस्थाको पुर्ण रुपमा कार्यान्वयन गरेर मात्र उपभोक्ता समिति मार्फत कार्य गराउनुपर्ने अन्यथा उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ५८. | महाकाली नगरपालिकाको योजना संचालन सम्वन्धी कार्यविधी,२०७४ को दफा २ मा योजनाको लागत अनुमानमा १५ प्रतिशतमा कम नहुने गरी उपभोक्ताको लागत सहभागिता वा जनसहभागिताको अंश समावेश हुने उल्लेख रहेको छ । कार्यालयले उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्य गराएका केहि योजना तथा कार्यक्रमहरुमा उक्त प्रावधान बमोजिमको लागत सहभागिता वा जनश्रमदानको अंश व्यहोरेको देखिन आएन । यस सम्वन्धमा सुधार गरिनु आवश्यक छ । यसका केहि उदाहरण निम्नानुसार रहेका छन् । | |

| गौ.भौ.नं./ मिति | कामको बिवरण | जम्मा भएको कार्य | भुक्तानी रकम |
|---|---|---|---|

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ३३८/२०७६/३/१७ | ६ नं. वडा कार्यालय शौचालय निर्माण कार्य | ५०२५० | ५०२५० |
| ३५३/२०७६/३/२२ | घेरा पर्खाल निर्माण कार्य | ८१७२६ | ८१७२६ |
| ३५४/२०७६/३/२२ | फोहोरमैला व्यवस्थापन र नाली सरसफाई कार्य | ९१३४० | ९१३४० |
| ३५५/२०७६/३/२२ | भराडी मुल संरक्षण तथा व्यवस्थापन कार्य | ९१३४० | ९१३४० |
| ३५९/२०७६/३/२२ | जोशी ईजर खा.पा. मर्मत कार्य, किम्तडी | १०९७९५ | १०९७९५ |
| ३६०/२०७६/३/२२ | जगन्नाथ कृषि समुह पाइप सिचाई मर्मत कार्य | ९४७६१ | ९४७६१ |
| ३६१/२०७६/३/२२ | थालीगाड नहर मर्मत कार्य | ९९३१८ | ९९३१८ |
| ३६२/२०७६/३/२२ | आधुनिक घट्ट मर्मत कार्य | ९९३६९ | ९९३६९ |
| ५३०/२०७६/३/२६ | तल्ला परसैन खा.पा.मर्मत कार्य | ११०६०८ | ११०६०८ |
| ५३२/२०७६/३/३० | सुरेकाडा सोलिगं बाटो मर्मत | ९४७५१ | ९४७५१ |

| | | |
|---|---|---|
| ५९. | महाकाली नगरपालिकाको योजना संचालन सम्वन्धी कार्यविधी,२०७४ को दफा १४ मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सन्चालन भएका आयोजनाहरुको कार्य सम्पन्न भए पछि नगरपालिकाले सोको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी समितिलाई आयोजना हस्तान्तरण गर्न सक्ने प्रावधान रहेकोमा कार्यालयले यस प्रकार सम्पन्न आयोजनाहरु हस्तान्तरण गरी सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोक्ने गरेको देखिन आएन । यसमा सुधार गरिनु पर्ने देखिन्छ । | |
| ६०. | महाकाली नगरपालिकाको योजना संचालन सम्वन्धी कार्यविधी,२०७४ को दफा १५ मा उपभोक्ता समितिको गठन गर्दा अपनाउनु पर्ने प्रकृया र समितिको पदाधिकारी तथा सदस्यहरु बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने लगायतको व्यवस्था गरेको छ । अधिकांश उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । त्यसैगरी समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु संलग्न भए नभएको सम्वन्धमा एकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको देखियो । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत एकिन हुने आधार दखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नु पर्दछ । | |
| ६१. | महाकाली नगरपालिकाको योजना संचालन सम्वन्धी कार्यविधी,२०७४ को दफा २७ मा नगरपालिकाले आयोजना संचालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, संस्था एवं गैर सरकारी संघ संस्थाको अभिलेखिकरण गरी लगत व्यवस्थित गर्नुपर्ने उल्लेख रहेको छ । कार्यालयले सो बमोजिम लगत अद्यावधिक नगरेकोले गर्नुपर्ने देखिन्छ । | |
| ६२. | **अनुगमन तथा सहजिकरण समिति :-** महाकाली नगरपालिकाको योजना संचालन सम्वन्धी कार्यविधी,२०७४ को दफा ३९ मा एक वडा स्तरिय अनुगमन तथा सहजिकरण समिति रहने र कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवं फरफारक गर्नु पूर्व यस्तो समितिको सिफारिस आवश्यक पर्ने व्यहोरा उल्लेख रहेको छ । कार्यालयले उपभोक्ता समितिहरु मार्फत गरिएका अधिकाशं कार्यहरुमा यस प्रकारको अनुगमन तथा सहजिकरण समिति गठन गरेको देखिन आएन । यसरी गरेको कार्यको भुक्तानी गर्दा अधिकाशंमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी भुक्तानीको लागी सिफारिस गर्दछु भनि उल्लेख गर्ने गरेको छ । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिन आएन । यस सम्वन्धमा सम्वन्धित निकाय वा पदाधिकारीबाट यथार्थता छानविन गरी एकिन गरिनु पर्दछ । | |
| ६३. | **कन्टिन्जेन्सी खर्च :-** महाकाली नगरपालिकाको योजना संचालन सम्वन्धी कार्यविधी,२०७४ को दफा २ मा योजनाको लागत अनुमानमा ३ प्रतिशत कन्टिन्जेन्सी रकम समावेश हुने उल्लेख रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्वन्धित अनुसूची १ मा निर्माण कार्यको लागतमा २.५ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ५ प्रतिशत समावेश गर्न | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सकिने व्यवस्था छ । नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ को पत्र अनुसार कार्यालय, आयोजनाहरुले खर्च गर्ने ५ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत पुंजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने अर्थात चालु र पुंजीगत खर्चको अनुपात ३:२ हुनुपर्ने उल्लेख छ । कार्यालयले दिएको एकमुष्ट विवरण अनुसार गतवर्षको खर्च हुन बाकी कन्टिन्जेन्सी रकम रु.७ लाख र योवर्ष बिभिन्न योजनाको भुक्तानी दिदा छुट्याएको रु.६१,४८,९६६।० समेत जम्मा रु.६८,४८,९६६।० मध्ये रु.६३,५०,२३५।० खर्च गरी रु.४,९८,७३१।० बाकी रहेको विवरण प्राप्त भएको छ । जसको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| ६३.१ | कार्यालयले कन्टिन्जेन्सी इन्धन, मर्मत, कार्यालय सम्वन्धी खर्च, दैनिक ज्यालादारी, भ्रमण, बिज्ञापन तथा सुचना, बिबिध र अन्य खर्च आदिमा खर्च लेखेको छ । निर्माण कार्यको योजना पिच्छे प्रत्येक बर्षको छुट्टा छुट्टै कन्टीन्जेन्सी खाता राख्नुपर्नेमा सो बमोजिम कन्टिन्जेन्सी खर्चको छुट्टै खाता राखेको पाइएन । खर्च रकम लागत अनुमानको ३ प्रतिशतको सीमा भित्र रहे पनि स्टाफ खर्च र अन्य खर्च अन्तरगत के कस्ता शीर्षकमा खर्च गर्न मिल्ने हो वर्गीकरण गरी राखेको पाइएन । नियमावलीमा कन्टिन्जेन्सी खर्चलाई लागत अनुमानसंग आवद्ध गरेकोले प्रत्येक वर्षको योजना र ठेक्का पिच्छे कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्नेमा सो वमोजिम नगरी बजेट खर्चको आधारमा खर्च गर्ने गरेको पाइयो । जुन योजनाको लागि कन्टिन्जेन्सी खर्च भएको हो सोही योजनासंग आवद्ध गरी शुरुदेखि अन्त्यसम्मको खर्चको अभिलेख राख्नु पर्दछ । साथै कन्टिन्जेन्सी खर्च गर्दा स्पष्ट कार्यबिधि बनाई खर्च गरिनु पर्दछ । | |
| ६३.२ | प्रशासनिक कार्य गर्नको लागि चालु खर्च शिर्षकमा अलग्गै बजेट व्यवस्था भएकोमा निर्माणसंग सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्ने कन्टिन्जेन्सीबाट सबै किसिमको प्रशासनिक कार्यमा खर्च भएको देखिएकोले नियमित बजेट विनियोजन हुने प्रशासनिक कार्यमा योजनाको लागतमा समाबेश हुने गरी कन्टिन्जेन्सीबाट रकम खर्च गर्नु कानुन सम्मत देखिएन । उक्त कार्य म.ले.नि.का.को खर्च संकेत बर्गिकरण र व्याख्या बिपरीत समेत देखियो । | |
| ६३.३ | योजनाको विल भुक्तानी गर्दा ३ प्रतिशत कन्टिन्जेन्सी रकम छुट्याई सो रकम समेत बजेट खर्च लेख्ने गरेको छ । यस प्रकार कन्टिन्जेन्सीबाट खर्च नहुदै कन्टिन्जेन्सी रकम छुट्याउने बखतमै खर्च जनाउने गरेबाट आ.व.को अन्त्यमा खर्च हुन बाकी रहेको कन्टिन्जेन्सी रकम रु.४,९८,७३१।० बास्तविक बजेट खर्च भन्दा बढी खर्च लेखिन गएको देखिएकोले नियम सम्मत भन्न मिल्ने देखिएन । | |
| ६४. | **मर्मत सम्भार कोष कट्टीः-** स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १५ र महाकाली नगरपालिकाको मर्मत सम्भार कोष सन्चालन निर्देशिका, २०७५ मा नगरपालिकाबाट संचालन हुने योजनाहरुवाट मर्मत सम्भार वापत २ प्रतिशतका दरले रकम कट्टी गरी कोष खडा गरिने र उक्त कोषको संचालन ऐन र निर्देशिका बमोजिम पुंजिगत संरचनाहरुको मर्मत सम्भारको कार्यमा गरिने प्रावधानहरु उल्लेख रहेको छ । कार्यालयले दिएको एकमुष्ट विवरण अनुसार योवर्ष बिभिन्न योजनाको भुक्तानी दिदा मर्मत सम्भार वापत २ प्रतिशत छुट्याएको रु. १६,९७,१८१।० मर्मत सम्भार कोषमा ट्रान्सफर गरी जम्मा गरेको छ । योजनाको विल भुक्तानी गर्दा २ प्रतिशत मर्मत सम्भार कोष वापत छुट्याएको रकम मर्मत सम्भार कोषमा ट्रान्सफर गरेकोमा सो रकम समेत निमाण कार्यको बिल भुक्तानीसंगै बजेट खर्च लेख्ने गरेको देखियो । यस प्रकार मर्मत सम्भार कोषमा ट्रान्सफर गरेको रकम खर्च नहुदै बजेट खर्च जनाएबाट बास्तविक बजेट खर्च भन्दा बढी खर्च लेखिन गएकोले नियम सम्मत भन्न मिल्ने देखिदैन । | |
| ६४.१ | त्यसैगरी उक्त निर्देशिकाको दफा २१ मा मर्मत सम्वन्धी कार्यलाई व्यवस्थित गर्न एक समिति रहने र दफा २३ बमोजिम उक्त समितिले आगामी आर्थिक वर्षमा नगर क्षेत्रभित्र मर्मत गर्नुपर्ने भौतिक संरचनाहरुको लगत सहितको बिवरण अद्यावधिक गरी नगर सभामा पेश गर्नुपर्ने प्रावधान रहेकोमा सो बमोजिम भए गरेको देखिन आएन । | |
| | **वित्तीय समानीकरण चालुतर्फ** | |
| ६५. | **विद्यालय अनुदान दिएको :** आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । १५ विद्यालयहरुलाई शैक्षिक अनुदान वापत रु.४८८७०००।०० र वालशिक्षकको पोशाक भत्ता तथा वाल विकास सवलिकरणमा रु.३२०००००।०० समेत रु.८०८७०००।०० | |

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>अनुदान रकम जम्मा गरेकोमा बिल भर्पाइ संलग्न नभएको र विद्यालय संचालनको अनुदान रकम सशर्तको बजेटबाट निकासा हुने हुदा वित्तिय समानीकरण अनुदानको रकमबाट दिनुपर्ने आधार स्पष्ट हुनुपर्ने रु.</td><td>८०८७०००।००</td></tr>
<tr><td></td><td>विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फ :</td><td></td></tr>
<tr><td>६६.</td><td>खर्चको विल भरपाई पेश नभएको :गो.भौ.नं.१७५-२०७६।३।११ मा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) र (८) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने कानुनी व्यवस्था छ । नगरपालिलकाले अलकापुरी मा.वि कोटकौतली लाई विज्ञान सामाग्री खरिदका लागि रु.६५००००।०० भुक्तानी दिएकोमा सो को विल भरपाई पेश नभएको रु .</td><td>६५००००/-</td></tr>
<tr><td></td><td>सवैको लागी शिक्षा कार्यक्रम तर्फ :</td><td></td></tr>
<tr><td>६७.</td><td>विद्यालयलाई बढी निकासा : सरकारी रकम खर्च गर्दा खर्चको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने र कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (८) मा व्यवस्था छ । नगरपालिकाले तल उल्लेखित विद्यालयहरुमा निकासा दिदा अवकास प्राप्त शिक्षकलाई समेत भुक्तानी दिएको देखिएकाले बढी भुक्तानी भएको बढी निकासा माग गर्ने तथा भुक्तानी गर्ने पदाधिकारीबाट असुल हुनु पर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>अवकास मिति</th><th>बढी भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>राष्ट्रिय मा.वि. दत्तु</td><td>जानकी कार्की</td><td>२०७५।१२।११</td><td>२७७०८.००</td></tr>
<tr><td>२</td><td>राष्ट्रिय मा.वि. दत्तु</td><td>राम सिंह भण्डारी</td><td>२०७५।१२।११</td><td>२७७०८.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५५४१६</td></tr>
</table></td><td>५५४१६/-</td></tr>
<tr><td></td><td>समाजिक सुरक्षा भत्ता तर्फ</td><td></td></tr>
<tr><td>६८.</td><td>सामाजिक सुरक्षा भत्ता वितरण : सामाजिक सुरक्षा ऐन , २०७५ को दफा १७ मा स्थानिय तहले दफा १६ बमोजिमको परिचयपत्रको आधारमा सामाजिक सुरक्ष भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८ मा वितरण गरिएको समाजिक सुरक्षाको अभिलेख तोकिएको ढाँचामा अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले ९ वटा वडा मार्फत जम्मा रु.२७१८८८००।०० वितरण गरेकोमा लेखापरीक्षण योजनाले निर्दिष्ट गरे बमोजिम निकासाको आधारमा पहिलो र आठौं स्थानका वडाको छनौट गरिएकोमा भरपाईका आधार परीक्षण गरिएको छ । मुल लगत तथा VERSP-MIS मा केही तथ्याङ्क फरक पेरेको देखिन्छ । कतिपय नामहरु दोहोरो प्रविष्टि भएको देखिएकाले । VERSP-MIS तथा मुल लगतलाई अध्यावधिक गरी पुर्ण रुपमा बैङ्कङि प्रणाली मार्फत वास्तविक लाभग्राहीलाई भुक्तानी हुने व्यवस्था मिलाउने तर्फ नगरपालिकाले उचित पहल गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६९.</td><td>कर समायोजन पत्र वेगर धरौटी फित्र्ता : सार्वजनिक खरिद नियमावली,२०६४को नियम१२४(१) मा अन्तिम भुक्तानी करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था छ । त्यस्तै उपनियम २ मा नियम १२३ बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत सम्बन्धित आपूर्तिकर्त्ता ,निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुत्तानी दिनुपर्ने कानुनी व्यवस्था रहेकोमा कार्यालयले तल उल्लेखित निर्माण व्यवसायीलाई कर समायोजन पत्र वेगर भुक्तानी दिएको देखिएकाले कर समायोजन पत्र पेश हुनुपर्ने रु.....</td><td>५०६४२९/-</td></tr>
<tr><td>७०.</td><td><table>
<tr><th>क्र.स</th><th>निर्माण व्यवसायीको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>लटिनाथ कन्सट्रक्सन एण्ड सप्लायर्स</td><td>९५४५।-</td></tr>
<tr><td>२</td><td>रतन फर्निचर उद्योग</td><td>२२,०००।-</td></tr>
<tr><td>३</td><td>हेमन्त कन्सट्रक्सन</td><td>२१,०६०।-</td></tr>
<tr><td>४</td><td>मालिकार्जुन निमार्ण सेवा</td><td>५६९०।-</td></tr>
<tr><td>५</td><td>वीर इन्टरनेशनल ट्रेडर्स</td><td>६१,९३०।-</td></tr>
<tr><td>६</td><td>जगन्नाथ निमार्ण सेवा</td><td>४०,०००।-</td></tr>
<tr><td>७</td><td>पन्त निमार्ण सेवा</td><td>११,६१०।-</td></tr>
<tr><td>८</td><td>जय दोगडा निमार्ण सेवा</td><td>२१,०४०।-</td></tr>
<tr><td>९</td><td>श्रपिाल निर्माण सेवा</td><td>२१०२५।००</td></tr>
</table></td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| **१०** | जय लटवाव निर्माण सेवा एण्ड सप्लायर्स | ४८४८८।०० |
| **११** | ब्रह्मदेव निर्माण सेवा | ६३००।०० |
| **१२** | हरीकला कन्सट्रक्सन | १८९००।०० |
| **१३** | डि.के कन्सट्रक्सन | २०४००।०० |
| **१४** | लटीनाथ निर्माण सेवा | १८७००।०० |
| **१५** | गणपति निर्माण सेवा | ४१८१९।०० |
| **१६** | महादेव निर्माण सेवा | २१०००।०० |
| **१७** | कमिक निर्माण सेवा एण्ड सप्लायर्स | ६८००।०० |
| **१८** | के.बि. निर्माण सेवा | १६४००।०० |
| **१९** | उमेश निर्माण सेवा एण्ड सप्लायर्स | १५०००।०० |
| **२०** | नमस्कार निर्माण तथाम ढुवानी सेवा | ५८३७१।०० |
| **२१** | शिखर निर्माण सेवा | २०३५०।०० |
| | **जम्मा** | **५०६४२८।००** |

**७१.** **पेश्की बाँकीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) र (६) मा खरिद सम्झौताको शर्त अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा सरकारी काम काजको लागि दिइएको पेश्की नियमावलीमा तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । नगरपालिकाले उपलब्ध गराएको बिबरण अनुसार निम्नानुसार फछ्र्यौट हुन बाँकी रहेको पेश्की लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नगरी बाँकी राखेको पाइएकोले नियमानुसार फछ्र्यौट हुन पर्ने रु....... — रकम: ५८३४३०.००

| सि. नं. | मिति | पेश्की लिनेको नाम | रकम रु. |
|---|---|---|---|
| १ | ९८-२०७५/८/१२ | दामोदर वडु कर्मचारी पेश्की | २००००.०० |
| २ | ३२५-२०७६/२/२० | जयराज बडु कर्मचारी पेश्की | ३००००.०० |
| ३ | १७०-२०७६/१२४ | लालुको घर देखि तिंकर सडक उपभोत्ता समिति | १२८०००.०० |
| ४ | ३२-२०७५/९/६ | दार्चुला उद्योग वाणिज्य संघ | ४०००००.०० |
| ५ | ७९-२०७५/११/१९ | रेडियो कालापानी | ५४३०.०० |
| | | | **५८३४३०.००** |

**७२.** **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| **२,२६,१९,६४९/२८** | **०** | **२,२६,१९,६४९/२८** |

**७३.** **अद्यावधिक बेरुजु स्थिति :** लेकमपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ ।

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| २,२६,१९,६४९/२८ | **०** | **३९६९२०८५.३२** | **६२३११७३४.६०** |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

# महाकाली नगरपालिका

## अनुसूची-१

**बेरुजु वर्गीकरण**

**२०७५।७६**

(रु.हजारमा)

| **प्रारम्भिक बेरुजू** | | | **प्रतिक्रियाबाट फछ्र्यौट** | | | **बाँकी बेरुजू** | | | **बाँकी बेरुजू** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गनुंपर्ने | | | | | पेश्की | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असूल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | मोबिलाइजेशन | कर्मचारी | अन्य | जम्मा |
| ५९ | ३३ | ३९६९२ | - | - | - | ५९ | ३३ | ३९६९२ | ६२४३ | १६५४ | ३१२१२ | - | - | ३२८६६ | - | - | ५८३ | ५८३ |

# महाकाली नगरपालिका

अनुसूची-२

## सञ्चित कोष विवरण

**२०७५।७६**

(रु.हजारमा)

| आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| ५७५०९ | १३९१२१ | ४३७३१२ | ६३९१ | ५८२८२४ | ३१९६९२ | २३९०४२ | २६८४ | ५६१४१८ | ७८९१५ |

# महाकाली नगरपालिका

## अनुसूची-३

## अध्याबधिक वेरुजु स्थिति

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | महाकाली नगरपालिका | दार्चुला | २,२६,१९,६४९.२८ | ०.०० | २,२६,१९,६४९.२८ | ०.०० | ३९६९२०८५.३२ | ६२३११७३४.६० |